**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

यमुनामाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: १ मितिः २०७६/०३/२६

**भाग-१**

## यमुनामाई गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

# यमुनामाई गाउँपालिका शिक्षा ऐन, २०७६

प्रमाणिकरण र प्रकाशंन मिति :२०७६।०३।२०

**प्रस्तावनाः**

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र यमुनामाई गाउँपालिकाका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेको आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीया शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २६, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) खण्ड (ज) बमोजिम दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यमुनामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनका नाम "यमुनामाई गाउँपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

३. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-**

(क) "ऐन" भन्नाले यमुनामाई गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको यमुनामाई गाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँ सभा" भन्नाले यमुनामाई गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले यमुनामाई गाउँपालिका को अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "प्रमखु" भन्नाले यमुनामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(च) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्छ।

(छ) "गाउँ शिक्षा संयोजक" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको संयोजक वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ज) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ जसले प्रारम्भिक बाल शिक्षा केन्द्र वा बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदी समेतलाई बुझाउने छ ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भीक बाल शिक्षा देखी कक्षा आठ सम्म दिइने शिक्षा सम्भझनु पर्छ ।

(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिनी, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शाररीक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ : -

(१) दृष्टिविहिनी, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धितको अधनीमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमीत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सझनु पर्छ ।

(ण) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(त) "विद्यालय " भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(थ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइएने विद्यालय सम्झनु पर्छ।

(द) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) र (ग) वा खण्ड (ग) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(न) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्ति लाई समेत जनाउँछ ।

(प) "कर्मचारी" भन्नाले सामुदायीक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ब) "अनुमति" भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागी कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(य) "गाँउ शिक्षा समिति" भन्नाले यमुनामाई गाउँपालिका कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको यमुनामाई गाउँपालिका सभाले गठन गरेको शिक्षा सम्वन्धी समिति सम्झनु पर्छ ।

(र) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(ल) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागी जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(व) "औनपचारिक शिक्षा" भन्नाले विद्यालय शिक्षाबाट बञ्चिन विभिन्न उमेर समुहका प्रौढ महिला र युवालाई साक्षर गराउने, वैकल्पिक विद्यालय शिक्षा मार्फत विद्यालय

...गाउँ... कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
प्रदेश नं. २ नेपाल

जान नपाउने र बीचैमा विद्यालय छाडनेहरुलाई विद्यालयको शिक्षाको अवदर प्रदान गर्ने शैक्षिक कार्यक्रम लाई सम्झनु पर्दछ ।

(श) "सामुदायिक सिकाई केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(ष) "संघीय शिक्षा ऐन " भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(स) "मन्त्रालय " भन्नाले नेपाल सरकार, विज्ञान, प्राविधि तथा शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद -२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनमुति लिनु पर्ने :**

(१) यस गाउँपालिकाका वा अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्वन्धित वडाको सिफारीश सहित तोकिएको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्ने छ । त्यसरी निवेदन दिंदा सामुदायिक, संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय निजी, शैक्षिक गुठी वा सहकारी गुठी कुन रुपमा सञ्चालन गर्ने हो , सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा शाखा वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमित दिन मुनासिव देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्तबन्देज पालना गर्ने गरी अनुमित दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा गाउँकार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्ने छ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेको विद्यालयले चाहेमा कम्पनी खारेजी गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन ।

(५) उपदफा (४) बमोजिम निवदेन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको मांग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिको सिफारीशमा गाउँपालिकाले विद्यालय सञ्चालन गर्न तोकिएको शुल्क लिई स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालनमा गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालनमा भएको विद्यालय,



मोहम्मद शमसाद आलम
प्रमुख प्रशासकीय अधिकृत

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालनमा भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातृव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालनमा भएको विद्यालय,

(७) **शैक्षिक गुठी तथा सहकारी विद्यालय दर्ता :**

(क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनुपर्ने छ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजी श्रोतबाट प्रारम्भीक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुने छ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिने छ ।

(१२) उपदफा १० बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द सक्नेछ ।

५. **विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा वन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति लिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भई रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने , कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठयक्रम पाठयपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरोतर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) तोकिएको पुर्वाधार पुरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै श्रोतमा संचालन गर्न अनुमित दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी व्यवस्था:-** प्रारम्भिक बालविकास केन्द्रको सञ्चालनमा तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाई र पुस्ताकलय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **विद्यालयको वर्गिकरण :** विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१०. **साझेदारीमा विद्यालय सञ्चालन गर्नसक्ने :** (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरुबीच साझेदारीमा विद्यालय सञ्चाल गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **टयुसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) टयुसन, कोचिङ , शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमित लिनु पर्नेछ ।

(२) टयुसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **व्यक्तिगत सिकाई :** (१) गाउँ कार्यपालिकाले गाउँपालिका भित्रका निरक्षर व्यक्तिहरुलाई मा.वि विद्यालयमा अध्ययनरत मा.वि.स्तरका विद्यार्थीहरुबाट "एक मा.वि.स्तरको विद्यार्थीबाट एक निरक्षर व्यक्ति साक्षर" Each one,teach one method मा साक्षर बनाउन अभियान संचालन गरी साक्षरता अभियान संचालन गर्न सक्नेछ । (२) व्यक्तिगत सिकाई सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## शिक्षाको प्रकार, माध्यम, पाठयक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

१३. **शिक्षाको प्रकार** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षा (१) साधारण शिक्षा, (२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा: (१) साधारण शिक्षा, (२) परम्परागत धार्मिक शिक्षा र

(३) प्राविधिक तथा व्यवसायीक शिक्षा

१४. **शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भीक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

१५ **विद्यालयको पाठयक्रम र पाठयपुस्तक** (१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठयक्रम, पाठयपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२) पाठयक्रम र पाठयपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून, प्रदेश कानूनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुने छ ।

१६. **परीक्षाको सञ्चालन र व्यवस्थापनः** (१) माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) र माध्यमिक शिक्षा उर्तिण परिक्षा (कक्षा १२) तहको अन्तयमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुने छ ।

(२) आधारभुत शिक्षा उर्तीण परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह उर्तीण परीक्षा समितिः आधारभूत तह उर्तीण परीक्षाको संचालन तथा व्यवस्थापन र नजिता विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह उर्तीण परीक्षा समिति हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँपालिका भित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तिमा एक जना महिला सहित परीक्षा समिति द्वारा मनोनित गरेका दुईजना-सदस्य

(ग) गाउँपालिको भित्रका संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट परीक्षा समिति द्वारा मनोनित गरेका एकजना- सदस्य

(घ) शिक्षा संयोजक -सदस्य सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आधारभूत तह उर्तीण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) गाउँपालिकाकाले तोकेको न्युनत शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समुहगत रुपमा सञ्चालन गर्न अनुमित दिने ,

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

(घ) प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उतरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

(ङ) विद्यालयहरुलाई समुहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(च) परीक्षाफल प्रकाशित गराउने तथा उतीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने ,

(छ) परीक्षा शूल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा वदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ,

(झ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारीत समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न वाधा पर्ने गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ञ) नेपाल सरकार , प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने,

(ट) परीक्षा समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यदल वा कुनै अधिकृत कर्मचारीलाई प्रत्योजन गर्न सक्नेछ ।

## परिच्छेद-४

## गाउँपालिका शिक्षा शाखा, शिक्षा समिति, र शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

१७. **गाउँपालिका शिक्षा शाखा:** (१) गाउँकार्यपालिकाले गाउँपालिका अन्तर्गत एक गाउँपालिका शिक्षा शाखा स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शाखाको प्रमुखको रुपमा गाउँपालिका शिक्षा संयोजक रहनेछन ।

१८. **गाउँपालिका शिक्षा संयोजकको काम, कर्तव्य र अधिकार :-**

(क) गाउँपालिका क्षेत्र भित्रका विद्यालय, विद्यालयमा कार्यरत शिक्षक शिक्षिका, कर्मचारीहरुको र विद्यार्थीहरुको अभिलेख अद्यावधिक गर्ने ।

(ख) प्रधानाध्यापकहरुलाई विद्यालय सुधार योजना बनाई पेश गर्न लगाउने र कार्यान्वयनको लागी निर्देशन गर्ने ।

(ग) प्रत्येक विद्यालयहरुको महिनामा एक पटक निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(घ) विद्यालय निरीक्षकलाई नियमित रुपमा विद्यालय निरीक्षण गर्न निर्देशन दिने ।

(ङ) गाउँपालिका अन्तर्गत रहेको संस्थागत, सामुदायिक विद्यालय, बालविकास केन्द्र, सामुदायिक सिकाई केन्द्र, विद्यालय बाहिर संचालन हुने टयुसन, कोचिङ्ग सेन्टरहरुको पठनपाठन, परीक्षा, अतिरिक्त क्रियाकलाप आदिको निरीक्षण, अनुगमन गर्ने र शैक्षिक प्रशासनीक कार्य गर्ने ।

(च) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(छ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानून बमोजिम कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिने तथा आफुलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागी सिफारीश गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन गाउँपालिका शिक्षा समितिमा पेश गर्ने,

(ज) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानून बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्न वा बढीमा दुई वर्ष सम्म बढुवा रोक्का गर्न गाउँपालिका समक्ष विभागीय कारवाहीको लागि सिफारीश गर्ने,

तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाईको मनासिव मौका दिनुपर्नेछ ।

(झ) शिक्षकहरुलाई तालिम दिने र तालिममा सरिक गराउने, विषयप्रति जवाफदेही बनाउने,

(ञ) ऐन बमोजिमको कसुर गर्नेलाई सजाय गर्ने र अधिकार नभएकोमा सजायको लागी सिफारीश वा राय सहितको प्रतिवेदन पेश गर्ने,

(ट) गाउँपालिका शिक्षा समितिको सदस्य सचिव भई कार्य गर्ने,

(ठ) संघिय कानून, प्रदेश कानून र गाउँपालिकाले लागू गरेको कानून बमोजिम कार्य गर्ने,

(ड) विद्यालयको छडके जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ढ) गाउँपालिका शिक्षा संयोजकको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. **गाउँ शिक्षा समिति**: (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भई रहेको र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नका लागि देहाय बमोजिमको गाउँपालिका शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँ कार्यपालिकाको सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधित्व हुने गरी गाउँपालिका अध्यक्षले तोकेको दुई जना - सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना- सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) नेपाल शिक्षक महासंघले तोकेको स्थानिय प्रतिनिधि –सदस्य

(झ) गाउँपालिका शिक्षा संयोजक- सदस्य सचिव

(२) समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउन अघि निज लाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिनेछैन ।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) **गाउँपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार :-** प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बालबालिकालाई आधारभूत शिक्षा सम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकहरुलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, धर्म, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराईराख्ने ।

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराईराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धीत निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय श्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त श्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागी विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समिति लाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामुलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितीको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने

(ठ) विद्यालयको लागी आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने ।

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो को लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) गाउँपालिकाको प्रशासनिक क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनका लागी व्यवस्था गर्ने,

(ण) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद जोखिमको अवस्था लेखाजोखा गरी प्रभाव न्युनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागी गाउँपालिका शिक्षा नीती तथा योजना बनाई स्वीकृतिका लागी गाउँपालिका सभामा पेश गर्ने,

(द) गाउँपालिकाको प्रशासनीक क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति , स्वीकृति विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) गाउँपालिकाको प्रशासनिक क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागी सिफारीश गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई ऐन, नियमावली निर्देशिका र कार्यविधि बमोजिम गाउँपालिका शिक्षा संयोजक, विद्यालय व्यवस्थापन समितिले कारवाही गर्ने अधिकार नभएको विषयमा कारवाहीको लागी राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने गराउने,

(प) गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(ब) गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सम्बन्धित विद्यालयको श्रोतबाट तलब भता पाउने गरी वा गाउँपालिकाले अनुदान प्रदान गर्ने भनी व्यवस्था भएकोमा आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी थप सिर्जना गर्न स्वीकृत गर्ने,

(भ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने,

(म) विद्यालयको सामाजिक परीक्षण गराउने ,

(य) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. **शिक्षा समितिको बैठकः** (१) गाउँपालिका शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **वडा शिक्षा समितिः** (१) गाउँपालिकाका प्रत्येक वडामा देहाय बमोजिम ७ जना सदस्य रहेको वडा शिक्षा समिति गठन गर्न सक्नेछ :

(क) सम्बन्धित वडाका वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट समितिको बैकठले तोकेका एकजना- सदस्य

(ग) अगुवा विद्यालयका प्रधानाध्यापक एक जना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट एक जना - सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा अध्यक्षले तोकेको एक जना महिला सहिता २ जना - सदस्य

(च) सम्बन्धीत वडामा कार्यरत वडा सचिव- सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. **शिक्षक छनौट समितिः** (१) गाउँपालिका शिक्षा समितिले गाउँपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त रहेको नेपाल सरकारको स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रमा करारमा शिक्षक तथा सहयोगी कर्मचारी बाहेक गाउँपालिकाले सृजना गरेको दरबन्दीमा राख्नु पर्ने भएमा विद्यालयको लागी योग्य शिक्षक र बालविकास केन्द्र वा बालशिक्षा केन्द्रको लागी योग्य बाल शिक्षा सहयोगी कार्यकर्ताको छनौट गर्न देहाय बमोजिमको शिक्षक छनौट समिति गठन गर्न सक्नेछ ।

(क) गाउँपालिकाको प्रमुख वा निजले तोकेको व्यक्ति - संयोजक

(ख) शिक्षा विकास तथा समन्वय ईकाईमा सुचिकृत गरेका शिक्षा विज्ञहरु मध्येबाट २ जना- सदस्य

(ग) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एक जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको शिक्षक छनौट समितिले परीक्षा संचालन गरी योग्य शिक्षक/ शिक्षिकाहरुको तथा बाल शिक्षा सहयोगी कार्यकर्ताहरुको योग्यता क्रम अनुसारको करार योग्यता सूची प्रकाशन गर्नेछ ।

(३) शिक्षक छनौट समितिको सदस्य कुनै राजनितिक दलको सदस्य भएमा अयोग्य मानिने छ ।

(४) शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२३. **विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफुहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना- सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य- सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखी सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेको व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको एक जना- सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(२) प्राविधिक र व्यवसायीक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका उद्योग तथा वाणिज्य संघका दुईजना विधालय व्यवस्थापनको निर्णय अनुसार प्रतिनिध सदस्य रहनेछन

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुने छ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागी वा अध्यक्षको अनुपस्थितीमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) वडा शिक्षा समितिको अध्यक्ष र गाउँ शिक्षा संयोजकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन अनिवार्यरुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागी प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारीशमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति- अध्यक्ष

(ख) अभिभावकहरुले आफुहरु मध्येबाट छानी पठाएका एक जना महिला सहित दुईजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य- सदस्य

(घ) गाउँपालिका शिक्षा संयोजक - सदस्य

(ङ) विद्यालयको शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य - सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनय गर्ने अभिभावक पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चीत गरिने छैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन , रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागी चाहिने आर्थिक श्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागी छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(ङ) विद्यालयको श्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने, त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकि दिएको तलब स्केलमा नघटाई तलब भत्ता दिनु पर्ने ,

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्ति को लागी सो पद रिक्त भएको मितिले पन्द्र दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा लेखी पठाउने ।

(छ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ज) विद्यालयको शैक्षिकस्तर बृद्धि गर्ने आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,

(झ) नेपाल सरकार, प्रदेश सकार र गाउँपालिकाहरुबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ञ) विद्यार्थीहरुले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ट) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधिक गराई राख्ने

(ठ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ड) विद्यालयको लेखा परिक्षणको लागी प्रचलीत कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्ये कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तीको लागी गाउँपालिका समक्ष सिफारीश गर्ने,

(ढ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृति रकम प्रदान गर्ने,

(त) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(थ) गाउँपालिकासंग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(द) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(ध) विद्यालय श्रोतबाट तलब भत्ता लिने गरी नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा शाखा प्रमुख मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागु गर्ने ,

(न) गाउँपालिकाले दिएको निर्देशन अनुरुप काम गर्ने ।

(प) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धीत निकायहरुमा प्रतिवेदन गर्ने ।

(फ) स्थायी नियुक्ती भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने । सो गाउँपालिकाबाट स्वीकृत दरबन्दीका कर्मचारीको व्यवस्था गर्ने ,

(ब) संघिय ऐनमा तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(भ) विद्यालयमा स्वीकृत पाठयक्रम तथा पाठयपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसंग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(ग) विद्यार्थीहरुलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदमा दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलब भत्तामा नघटने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लेखित काममा मात्र खर्च गर्ने,

(ञ) पालना गर्नु पर्ने आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई कारवाहीको लागी गाउँ शिक्षा समितिमा सिफारीश गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागी प्रचलीत कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तीको लागी गाउँपालिका समक्ष सिफारीश गर्ने ।

(ठ) विद्यार्थीहरुले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ड) गाउँपालिकाले दिएको निर्देशन अनुरुप काम गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्षक- अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठयक्रम तथा पाठयपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(११) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य- सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

गाउँपालिका कार्यालय ... प्रदेश नं. २ नेपाल

२४. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई गाउँ शिक्षा संयोजकको सिफारीशमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको निति नियम विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा काम गर्न नसकेमा वा

(ङ) सम्बन्धीत निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी बिघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(२) उपदपफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

## परिच्छेद- ६

## कोष, अनुदान, शुल्क तथा छात्रबृति, विद्यालय सम्पति, विद्यालयलाई छुट र सुविधा सम्बन्धी व्यवस्था

२५. **गाउँपालिका शिक्षा विकास कोषः** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न गाउँपालिकामा एउटा गाउँपालिका शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम

२६. **कोष सञ्चालक समिति :** (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुने छ ।

(२) उपदफा (२) बमोजिम सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

२७. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ

गाउँपालिका
गाउँपालिकाको कार्यालय
सरुअठा,रौतहट
प्रदेश नं. २ नेपाल

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शूल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम ,

(ङ) विद्यालयको श्रोत तथा अन्यश्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परिक्षण तोकिए बमोजिम हुने छ ।

२८. **अनुदानको व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शिक्षक श्रोत र सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेकोमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराउने छ ।

२९. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने:-** गाउँपालिकाले प्रारम्भीक बाल विकास केन्द्र वा बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

३०. **शूल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारले निःशूल्क शिक्षा घोषण गरेको विद्यालय शिक्षाका लागी सामुदायिक विद्यालयले विधार्थीहरुबाट कुनै पनि किसिमको शूल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो ईच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सवै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशूल्क तथा माध्यमिक तहसम्म निः शुल्क शिक्षा प्रदान गर्नका लागी गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग शूल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शूल्क लिई सके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागी कुनै किसिमको शूल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागी विद्यार्थीहरुसंग कुनै किसिमको शूल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शूल्क शिक्षा समितिको सिफारिस अनुसार गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शूल्क



मोहम्मद ग्रामरुद्दिन अन्सारी
प्रमुख प्रशासकिय अधिकृत

निर्धारण सम्बन्धमा स्वीकृति दिदा गाउँपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शूल्क लिएमा शिक्षा समितिको सिफारिस अनुसार गाउँपालिकाले त्यस्तो शूल्क सम्बन्धीत विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शूल्क लिने विद्यालयको प्रधानाध्यापकलाई गाउँपालिकाले पच्चीस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

३१. **छात्रवृतिको व्यवस्था गर्न सक्ने:** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

३२. **संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउने पर्ने:** (१) संस्थागत विद्यालयहरुले भर्ना भएका कुल विद्यार्थी सख्याको कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अशक्त, महिला, दलित विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृतिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफुले उपलब्ध गराएको आधार सहितको छात्रवृतिको विवरण गाउँ शिक्षा समितिमा पेश गर्नुपर्ने छ ।

३३. **विद्यालयको सम्पति :** (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलीत कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धीत गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालीत संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिने छ र त्यस्तो सम्पतिको स्वरुप परिवर्तन गर्न पाउने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारीशमा स्वीकृती लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थाबाट त्यसरी चल, अचल सम्पति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

३४. **विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालीत संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१)मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारीत गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालीत संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुने छ ।

## परिच्छेद- ७

## दरबन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्बन्धी व्यवस्था

३५. **दरबन्दी मिलान** : आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले प्रत्येक वर्षको चैत्र मसान्त भित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक लियन दरबन्दी यसै ऐन बमोजिम गाउँ कार्यपालिका मातहत रहनेछ ।

३६. **शैक्षिक योग्यता** : विद्यालयको शिक्षक, कर्मचारी एवं बालविकास केन्द्र वा बाल शिक्षा केन्द्रको बाल शिक्षा सहयोगी कार्यकर्ताको लागी चाहिने शैक्षिक योग्यता संघीय र प्रदेश कानूनले तोकिए बमोजिम हुनेछ ।

३७. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने** : गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका संघीय ऐनको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने छ ।

३८. **शिक्षकलाई अन्य काममा लगाउन नहुने** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनीक काममा बाहेक अन्य काममा लगाउनु हुदैन ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३९. **अदालतको आदेशबाट पुनः वहाली हुन सक्ने** : (१) दफा (४३) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बखास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः वहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः वहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखी पुनः वहाली भएको मिति सम्मको पुरा तलब भता र तलब बृद्धि पाउने भए सो समेत पाउने छ ।

४०. **शिक्षकको नियुक्ति , बढुवा र सरुवा** : (१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुने छ ।

(२) बाल विकास वा बाल शिक्षा सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुने छ ।

(३) गाउँ शिक्षा समितिले आवश्यकता अनुसार गाउँपालिका भित्र स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकको सरुवा गाउँपालिका भित्रको विद्यालयमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले जुनसुकै बेला गर्न सक्नेछ ।

(४) अन्य गाउँपालिकामा रहेको विद्यालयमा सरुवा हुन चाहने शिक्षक शिक्षिकाको सम्बन्धमा सरुवा हुन चाहेको विद्यालय र कार्यरत विद्यालयको सहमति, विद्यालय व्यवस्थापन समितिको सिफारीश र गाउँ शिक्षा समितिको स्वीकृतिमा मात्र सरुवा हुन सक्नेछ ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारीश भएका शिक्षकलाई विषय मिल्ने गरी पदस्थापन गरी हाजिर गराई काममा लगाउनु पर्नेछ । गाउँपालिकाले सिर्जना गरेको दरबन्दीमा करार शिक्षक नियुक्ती गर्दा शिक्षक सेवा आयोगको करार सुचीलाई बैक्लिपक उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

(६) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारीश उम्मेदवार उपलब्ध नभएमा गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारीश उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त रहेको दरबन्दी/ राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ती दिई सम्बन्धीत विद्यालयमा काममा लगाउन सक्नेछ ।

(७) करार सूचीमा सिफारीश उम्मेदवारलाई नियुक्ती गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारीश उम्मेदवारलाई पहिलो प्राथमिकता दिई शिक्षक सेवा आयोगबाट प्रकाशीत करार सूचीमा सिफारीश उम्मेदवार सम्पर्कमा नआएमा मात्र गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारीश उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त दरबन्दी/ राहत कोटामा योग्यताक्रम अनुसार तहगत विषयगत करार नियुक्ती दिई सम्बन्धीत विद्यालयमा काममा लगाउने सक्नेछ ।

(८) शिक्षकको बढुवा प्रयोजनको लागी तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

४१. **तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने :** (१) दफा (३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधीको तलब भता पाउने छैनन र सो अवधि सेवामा गणना समेत हुने छैन ।

(२) शिक्षक तथा कर्मचारीलाई तलब निकासा गर्दा प्रधानाध्यापकले हाजिरी प्रमाणित गरेको आधारमा तलब निकासा गाउँपालिकाबाट गरिनेछ ।

४२. **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमती लिन वा त्यस्तो अनुमती प्राप्त गर्नको लागी आवेदन दिनु हुदैन । स्थायी आवासीय अनुमती लिएको तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४३. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारीश गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनको आधारमा गाउँपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा ,

(ख) विना सूचना लगातार पन्द्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा ,

(ग) विद्यालयमा मादक पर्दाथ सेवन गरी आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा ,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरु वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा ,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायीक हकहितका नाममा सुक्षम रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनको गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ।

तर कार्यरत पदबाट हटाउनु अघि मुनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेशस्तर, जिल्ला स्तर वा गाउँ स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## परिच्छेद- ८

## विविध

४४. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन ।

४५. **विद्यालय वरपर मासु पसल, सुर्तिजन्य तथा मदिराजन्य विक्री वितरण पसल संचालन गर्न नहुने :** (१) कुनै पनि विद्यालयको हाता देखी २०० मिटर वरपर मासु पसल, सुर्तिजन्य

गाउँपालिका
गाउँपालिकाको कार्यालय
रौतहट
प्रदेश नं. २ नेपाल

तथा मदिरा जन्य पसल सञ्चालन गर्न गाउँपालिकाले आवश्यक मापदण्ड बनाई रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य कसैले गरेमा तोकिए बमोजिमको कारवाही हुने छ ।

४६. **बालबालिकाहरुलाई निष्कासन गर्न, शारिरीक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईनेछैन । तर बालविवाह गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागी सिफारीश गरी पठाउन बाधा पुगेको मानिनेछैन ।

(२) विद्यालयमा अध्ययनतर बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईनेछैन ।

४७. **प्रगति विवरण बुझाउनु पर्ने:** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

४८. **दण्ड सजाय:** (१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्ता व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा ,

(ख) उतरपुस्तिका परिक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा ,

(ग) परीक्षा केन्द्रमा सम्बन्धीत पदाधिकारीको स्वीकृति विना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ,

(घ) परीक्षाफल प्रकाशनमा अनियमीतता गरेमा ,

(ङ) अरुको साटामा परिक्षा दिएमा ,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा ,

(छ) अनुमती नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ,

(ज) परिक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ,

(झ) कानून विपरीतका अन्य कार्य गरेमा ।

(ञ) गलत सूचना तथा तथ्य लुकाई झुठा विवरण पेश गरेमा ,

(ट) झुठा सिफारीश गरेमा ,

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हुर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखी मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बीत हुनेछन । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४०. **पुनरावेदन:** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।



प्रसाद आलम
प्रशासकिय अधिकृत

५०. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्बन्धीत छात्रावास, टयुसन सेन्टर, कोचिङ्ग सेन्टर सञ्चालनका लागी तोकिए बमोजिमको सर्त पुरा गरेको संस्था, विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई अनुमती लगायतका आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालन गर्न अनुमति पाएका संस्था, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५१. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायको विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शूल्क निर्धारणका आधारहरु
(ख) विद्यालयको छात्रवृति
(ग) विद्यालयलाई दिइने अनुदान
(घ) प्राविधिक तथा व्यवसायीक शिक्षा संचालन र व्यवस्थापन
(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याकंण
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान
(छ) विद्यालय नक्सांकन र समायोजन
(ज) प्रति विद्यार्थी लगतका आधारमा शिक्षक सहयोग
(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन
(ञ) प्रारम्भीक बालशिक्षा केन्द्र व्यवस्थापन
(ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम
(ठ) विद्यालयको सम्पतिको सुरक्षा
(ड) विद्यालयको नामाकरण
(ढ) विद्यालयमा छात्रावास संचालन सम्बन्धी व्यवस्था
(ण) विद्यालयको पाठयक्रम पाठयपुस्तक र सन्दर्भ सामग्री
(त) विशेष तथा समावेशी शिक्षा
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा
(द) दुर तथा खुला शिक्षा
(ध) गाउँ शिक्षा कोष
(न विद्यालयको कोष
(प) विद्यालयको पुस्तकालय र वाचनालय
(फ) टयुसन, कोचिङ्ग, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम

(य) प्रधानाध्यापक नियुक्तीको लागी आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा

(र) विद्यालयको झण्डा , चिन्ह र प्रार्थना

(ल) विद्यालयको परीक्षा

(व) गाउँ र वडा स्तरीय पुस्तकालय र वाचनालय संचालन सम्बन्धी व्यवस्था

(श) अभिभावक शिक्षा

(ष) व्यक्तिगत सिकाई

(स) करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि,निर्देशिका,नियमावली

५२. **संक्रमणकालीन व्यवस्था** : (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

५३. **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

५४. **बचाउ र लागु नहुने** :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुने छ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानूनसंग यस ऐनका दफा र उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यसअघि कानून बमोजिम निबुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन र तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले,

मोहम्मद शमसाद आलम

नि.प्रमुख प्रशासकीय अधिकृत

यमुनामाई गाउँपालिका सरुअठा,रौतहट